नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

चैत्र/वैशाख २०७९/२०८० (April 2023) वर्ष २६/अङ्क २९०

## दफन कि दहन: के यसले हाम्रो मुक्तिमा प्रभाव पार्छ ?

– पाष्टर प्रेम श्रेष्ठ

आज म एउटा अत्यन्तै पेचिलो विषयलाई लिएर कलम चलाउँदैछु जुन विषय सारा संसारभरि मतऐक्यता वा एउटै विचार छँदैछैन र त्यसमा हामीले अन्यथा मान्नु पनि हुदैंन । **"परमप्रभुका पवित्रजनहरूको मृत्यु उहाँको दृष्टिमा अनमोल छ"** (भजनसंग्रह ११६:१५) । अनुसार हामीहरू जो खीष्टलाई **"मेरा प्रभु मेरा परमेश्वर"** भनेर स्वीकारेका छौं, उनीहरूको मृत्यु अनमोलको हुन्छ, मृत्युपछि मात्र हामी त्यो हाम्रो प्रतीक्षा गरेको ठाउँमा प्रवेश गर्न पाउँदछौं । हामी जीवित छँदै स्वर्गीय अनुभवका साथ प्रभुको जिउँदो उपस्थितिमा यस भौतिक संसारमा रहन्छौं । संसारका मानिसहरू अर्थात् अखीष्टियनहरूले मृत्युपछि गरिने कर्मकाण्ड विश्वासीहरूले जिउँदो छँदा नै प्रभुलाई पछ्याउने, पापबाट फर्किने, पश्चाताप गर्ने, जिउँदो प्रभुलाई आफ्नो प्रभु र मुक्तिदाता भनेर आफ्नो जिब्रोले स्वीकार गर्ने र आफ्नै अथवा पुर्खाबाट सरेर आएका पाप, श्राप, अधर्म जसले परमेश्वरको नजीक जान रोक्ने गर्छ, त्यस्ता कुराबाट खीष्ट येशूको रगतको शक्तिले धोएर क्षमा पाएर खीष्टको समीपमा गएको हुन्छ । हाम्रा अति नै प्यारा श्रद्धेय पाष्टर गुरुबा रोबर्ट कार्थक यसो भन्ने गर्ने हुन्थ्यो, "हाम्रो (नेइमको) त दफन गर्ने ठाउँ छ तर कति यस्ता धेरै मण्डलीहरू छन् जसको त्यस्तो दफन गर्ने जग्गा (दफनस्थल) छैन, जसको कारण सुसमाचारमा बाधा परेको छ । यो बाधा खोल्न हामी ठूला मण्डलीहरूले केही न केही कदम चाल्नु जरुरी छ र एउटा उदाहरण समाजलाई दिनुपर्दछ ।"

१८ मई २०२१ मा उहाँलाई प्रभुले आफ्नो स्वर्गीय घरमा लैजानुभयो र उहाँको इच्छाअनुसार (उहाँले दहन गर्ने कुरा नै अन्त्यसम्म गर्नुभएको थियो) तथा उहाँको मृत्युपछि उहाँको परिवारको इच्छाअनुसार पूर्ण सहमत हुँदै उहाँको पार्थिव शरीरलाई स-सम्मान समय परिस्थितिअनुसार दहन गर्ने कार्य भयो र प्रभुलाई महिमा दिने कार्य भयो । सबै परिस्थितिलाई बुझाउन गाह्रो थियो । धेरैको गाली तथा भनाई खाँदै त्यो विषयलाई हामीले टुङगो लगायौं तर अझै पनि ठूलो मण्डली भएकोले सबैलाई बुझाउने कार्यमा कहीं कमी कमजोरी भयो होला, त्यसमा त मण्डली नेतृत्वले भूल स्वीकार्दै, नयाँ इतिहास कोर्दै, प्रभुको प्रेम परिपक्वता र पवित्र आत्माले भरपूर भएको मण्डलीलाई अघि बढाउने कामको विकल्प छैन । अब यो दफन र दहनको विवाद वा प्रश्नलाई कसरी समाधान गर्ने भन्ने कुरा लिन अलिकति चिन्तन गरौं न त ।

बाइबल धर्मशास्त्र १ पत्रुस १:३-९ ले भन्छः **"परमेश्वर र हाम्रा प्रभु येशू खीष्टका पिता धन्यका हुनुहुन्छ ! उहाँको महान् कृपाले मृतकबाट येशू खीष्टको पुनरुत्थानद्वारा एउटा जीवित आशाको निम्ति हामी नयाँ गरी जन्मेका छौं । स्वर्गमा तिमीहरूका निम्ति साँचिराखेको उत्तराधिकार अविनाशी, विशुद्ध र नओइलने किसिमका छन् । आखिर समयमा प्रकट हुन आँटेका मुक्तिको निम्ति तिमीहरू विश्वासद्वारा परमेश्वरको शक्तिबाट सुरक्षित राखिएका छौ । तिमीहरू यसैमा रमाउँछौ, यद्यपि अहिले थोरै समयको निम्ति तिमीहरूले विभिन्न किसिमका कष्ट भोग्नुपर्दछ । आगोबाट खारिने तर नष्ट भएर जाने सुनभन्दा पनि तिमीहरूको विश्वास मूल्यवान् छ । तिमीहरूको यो विश्वास साँचो प्रमाणित होस्, र येशू खीष्ट प्रकट हुनुहुँदा प्रशंसा, महिमा र आदरको योग्य बनोस् । तिमीहरूले नदेखे तापनि उहाँलाई प्रेम गर्छौ । उहाँलाई तिमीहरू अहिले देख्दैनौ, तापनि उहाँमाथि विश्वास गर्छौ र अवर्णनीय र गौरवमय आनन्दमा रमाउँछौ । तिमीहरूका विश्वासको प्रतिफलस्वरूप तिमीहरूले आफ्ना आत्माको मुक्ति पाउँछौ ।"** यो खण्डमा उल्लेख भएको जीवित आशा प्राप्त गर्ने हामीलाई हाम्रो मृत्यु सेवा कसरी गरियो ? कहाँ लगेर दफन गरियो वा दहन गरियो भन्ने कुरामा ठूलो चिन्ता गर्न जरुरी छैन तर हामीले मुक्तिदातालाई आफ्नो जिब्रोले स्वीकारेका छौं कि छैनौं भन्ने कुरा अति नै जरुरी छ । कुनै कुनै अल्पज्ञान भएका मानिसहरू, अगुवाहरूले गलत प्रचार, बाइबलसँग मेल नखाने कुरा, यदि हामीलाई जलायो भने स्वर्ग जाँदैन भन्ने जस्ता भ्रामक, तथ्यहीन, आधारहीन र व्यवहारहीन कुराले हाम्रै मण्डली परिवारमा केही अति सानो संख्यामा पर्न गएको भ्रमलाई चिर्न सानो कोसिस गर्दैछु ।

### १) मृत्यु सेवा एउटा सामाजिक पारिवारिक कार्य हो ।

कुनै घरमा मृत्यु भयो भने त्यहाँ सबैभन्दा पहिला परिवारको हकमा निर्णय प्रधान हुन्छ, परिवारले भन्नुपर्छ अब के गर्ने, दफन कि दहन ? कोरोनाकाल भन्दा अघि हामीले धापासी विश्रामस्थल लाने गर्थ्यौं तर अब त्यहाँ छिमेकीहरूले एउटै आवाजमा त्यो कार्यको विरोध गर्‍यो र श्रद्धेय पाष्टर गुरुबाले सबैको निम्ति ढोका खोलिदिएर ठूलो गुण लगाउनुभयो, अब हामीले उहाँको मार्गलाई पछ्याउँदै दहन गर्ने कार्य, चाहे पाष्टर होस् वा भर्खरै विश्वास गरेको व्यक्ति अब हामी दहन गर्ने नेइम कार्यकारिणीको निर्णयलाई आत्मसात गर्ने कार्य सर्वदा व्यवहारिक छ तर मृतकको परिवारले आफ्नै पहलमा, आफ्नै जिम्मामा कतै लगेर दफन गर्न इच्छा गर्छ भने मण्डलीले यसै गर्नुपर्छ भनी कर लगाउँदैन ।

### २) येशूमा बाँचेकाहरूको मृत शरीरको सम्मान गर्नुपर्छ ।

मण्डलीले मृत शरीरलाई पायक परेको उचित ठाउँमा स-सम्मान विदाई वा मृत्यु सेवा गरिदिन्छ, कारण त्यो शरीर कुनै दिन पवित्र आत्माको मन्दिर रहेको थियो । त्यसको सम्मान र इज्जत गरिनुपर्छ । दफन वा दहन जे गरेपनि पार्थिव शरीर माटो नै हो र एकदिन माटो मै जान्छ । **"सबै एउटै ठाउँमा जान्छन्, किनभने सबै धूलोबाट आएका हुन् र सबै धूलोमा फर्किजान्छन्"** (उपदेशक ३:२०) । त्यसकारण हाम्रो शरीर माटो नै हो ।

### ३) पुनरुत्थानको शरीरचाहिँ रगत र मासुको शरीर होइन ।

एक दिन बादलमा प्रभुको आगमनमा जाने शरीरचाहिँ रगत र मासुको यो नाशवान शरीर होइन तर अविनाशी अमरत्व धारण गरेको अर्थात् आश्चर्यकर्मद्वारा निर्मित महिमित शरीर पूर्ण रुपान्तरण भएको शरीर हो ।

त्यसकारण यही नाशवान शरीर होइन पूर्ण महिमित शरीर त्यहाँ जाने हो जसले सत प्रतिशत मुक्ति पाएको छ, जसले प्राण आत्मा र शरीर बाँचेको छ, त्यो शरीर यो भौतिक शरीर होइन । यसमा धेरै जनाको धेरै विचार हुन सक्ला त्यसको हामीले आदर गनुपर्छ तर हाम्रो मण्डलीले अपनाएको धारणा यही हो । यो धेरै बहस गरेर हिंड्ने विषय होइन

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | खाल्चोक | बालुवापाटी | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी | गोदावरी | जोरपाटी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **चैत्र २५** April 8 | श्री सन्तोष थापा | श्रीमती माया तामाङ्ग | श्री सामुएल तामाङ्ग | डीकन राम ब. तामाङ्ग | श्री विजय तामाङ्ग | युवा संगति | श्री शुकराम तामाङ्ग | श्री श्रीराम सुर्खेती | श्री विश्वास थापा | एल्डर आनन्द न्यौपाने | एल्डर पेशल राई |
| **वैशाख २** April 15 | एल्डर रत्न मान महर्जन | डीकनेस् रश्मिला तामाङ्ग | श्रीमती सुशिला नेवा | श्रीमती माया लामा | श्रीमती निशा तामाङ्ग | एल्डर सिमोन पाठक | पाष्टर रूबेन श्रेष्ठ | डीकन बाबुराम के.सी. | पाष्टर दफ्तन सादा | एल्डर भुवन देवकोटा | डीकनेस् रुष माया लामा |
| **वैशाख ९** April 22 | श्री लेख नाथ पौडेल | एल्डर दिनेश न्यौपाने | डीकन कुमार गजमेर | एल्डर सिद्धि खालिङ | एल्डर उत्तम राजकर्निकार | श्री जीवन खालिङ | एल्डर श्रीलक्ष्मी सैंजु | डीकन रूद्र राई | एल्डर आमोस राई | श्री कुमार श्रेष्ठ | एल्डर अर्जुन ढकाल |
| **वैशाख १६** April 29 | एल्डर अर्जुन ढकाल | डीकन राजु तामाङ्ग | एल्डर पूर्ण सुनुवार | एल्डर सुरेश पुर्कुटी | श्री सुचन तामाङ्ग | श्री मिलन प्रधान | पाष्टर घन श्याम दाहाल | डीकनेस् शान्ता मगर | श्री जीवन खालिङ | एल्डर यमदेवी पोखेल | पाष्टर प्रेम श्रेष्ठ |
| **वैशाख २३** May 6 | पाष्टर अशोक मुखिया | श्री सरुष तामाङ्ग | डीकनेस् रमा राई | डीकन भूपाल लामा | श्री मिन ब. तामाङ्ग | पाष्टर दफ्तन सादा | डीकन सिमोन भण्डारी | एल्डर नभराज के.सी. | पाष्टर शरण राई | पाष्टर रोल्याण्ड रोंगोंग | एल्डर लाक्पा लामा |

जस्तो लाग्छ । **"तर भाइ हो, सुतिगएकाहरूका विषयमा तिमीहरू अजान बस भन्ने हामी इच्छा गर्दैनौं, र तिमीहरूले आशा नहुने मानिसहरूजस्ता शोक गर्नु नपरोस् । किनकि हामी विश्वास गर्छौं, कि येशू मर्नुभयो र फेरि जिइउठ्नुभयो र त्यसरी नै परमेश्वरले उहाँमा सुतिगएकाहरूलाई येशूद्वारा ल्याउनुहुनेछ । प्रभुको वचनद्वारा हामी तिमीहरूलाई घोषणा गर्छौं, कि हामी, जो जीवित छौं र प्रभुको पुनरागमनसम्म बाँचिरहन्छौं, सुतिगएकाहरूलाई कुनै किसिमले पनि उछिन्नेछैनौं । किनकि प्रभु स्वयम् हुकुमको गर्जनसित, प्रधान स्वर्गदूतको आवाज र परमेश्वरका तुरहीको सोरसित स्वर्गबाट ओर्लनुहुनेछ, र ख्रीष्टमा मरेकाहरूचाहिँ पहिले बौरिउठ्नेछन् । तब हामी बाँचिरहेका र छोडिएकाहरू प्रभुलाई आकाशमा भेट्न तिनीहरूका साथसाथै बादलमा उठाइलगिनेछौं, र यसरी हामी सधैं प्रभुसँग रहनेछौं । यसैकारण एकले-अर्कोलाई यी वचनहरूले सान्त्वना देओ ।"** (१ थेसलोनिकी ४:१३-१८) ।

४) **दफन र दहनले मुक्तिमा कुनै असर गर्दैन ।**

**"किनकि यदि तिमीले येशूलाई प्रभु हो भनी आनो मुखले स्वीकार गऱ्यौ, र परमेश्वरले उहाँलाई मरेकाहरूबाट जीवित पार्नुभयो भनी आफ्नो हृदयमा विश्वास गऱ्यौ भने तिम्रो उद्धार हुनेछ । किनकि मानिसले आनो हृदयले विश्वास गर्छ र ऊ निर्दोष ठहरिन्छ, अनि उसले आफ्नो मुखले स्वीकार गर्छ र उद्धार पाउँछ"** (रोमी १०:९-१०) । **"येशूले तिनलाई जवाफ दिनुभयो, 'साँच्चै म तिमीलाई भन्दछु, कोही नयाँ गरी जन्मेन भने उसले परमेश्वरको राज्य देख्न सक्दैन"** (यूहन्ना ३:५) । येशूले दिनुहुने मुक्ति कुनै धर्मकर्म, रीतिरिवाज तिर्थस्थल गएर वा कार्य गरेर होइन तर हाम्रो विश्वास र येशूको अनुग्रहको कारण पाएका हौं । **"कर्महरूद्वारा होइन, नत्रता मानिसले घमण्ड गर्नेछ । किनकि हामी असल कामहरूका निम्ति ख्रीष्ट येशूमा सृजना गरिएका उहाँका हातका सीप हौं । हामी तीबमोजिम हिँडौं भन्ने हेतुले परमेश्वरले पहिलेबाटै ती तयार गर्नुभएको थियो"** (एफिसी २:९-१०) । त्यसकारण हाम्रो मृत शरीरलाई दफन, दहन जे गरेपनि हामी हाम्रो मुक्तिमा निर्धक्क रहन सक्छौं ।

५) दफन र दहनको कुनै सिद्वान्त छैन:

डा. बालकृष्ण शर्माले आफ्नो पुस्तक 'World to the Next: Christian Identity and Funerary Rites in Nepal' मा दफन र दहनमा कुनै विशेष सिद्वान्त, Doctrine नभएको तर आ-आफ्नो देश, संस्कार, अभ्यास, बदलिएको परिस्थिति, समयको चाप, समाजको चेतना र देश माटो सुहाउँदो अभ्यास गरिने र यसैको कारणले मुक्ति गुम्ने भन्ने नभएको उल्लेख गर्नुभएको छ । जसको विषयमा नेइम परिषदको बैठकमा समेत कार्यशाला राखी व्यापक छलफल गरिएकोमा अब दहन गर्न सकिने सर्वसम्मत छलफल भई निर्णयार्थ नेइमको कार्यकारिणीमा सिफारिस गरेको र सन् २०२० मे महिनामा बसेको नेइम कार्यकारिणीको बैठकले 'अब उप्रान्त मण्डलीमा जो प्रभुमा सुत्नुभएका धापासी विश्रामस्थलमा दफन नगर्ने तर आफन्तले चाहेको खण्डमा खरानी राख्न मिल्ने' भनी निर्णय गरिएको थियो । हामी जान्दछौं, कुनै पनि थोक वा त्यो मृत्युसेवाको कुनै पनि प्रकारको विधि नै किन नहोस्, त्यसले हाम्रो मुक्ति तथा ख्रीष्टको प्रेमदेखि अलग गर्न सक्दैन । **"होइन, यी सबै कुरामा हामीलाई प्रेम गर्नुहुनेद्वारा हामी विजेताहरूभन्दा पनि अझ बढी छौं । किनकि म यो पक्का गरी जान्दछु, कि मृत्युले वा जीवनले, स्वर्गदूतहरूले वा प्रधानताहरूले, वर्तमानका कुराहरूले वा पछि हुने कुराहरूले, वा शक्तिहरूले, उचाइले वा गहिराइले, वा सारा सृष्टिमा भएका कुनै पनि कुराले, ख्रीष्ट येशू हाम्रा प्रभुमा भएका परमेश्वरको प्रेमबाट हामीलाई अलग गर्न सक्नेछैन"** (रोमी ८: ३७-३९) ।

त्यसकारण हामी मृत्यु संस्कारको बारेमा चिन्ता वा वहस गरेर अनावश्यक झन्झटमा नपरौं । संसारमा धेरै ख्रीष्टियन देशहरू छन् जसको जमीन थोरै छ त्यहाँ दहनकै प्रचलन छ । यदि धेरै जमीन छ र विवाद आउँदैन भने परिवारको पूर्ण जिम्मेवारीमा दफन गर्न मिल्छ तर दफन र दहनभन्दा पनि मृत्यु सेवाको समयमा धेरैले मुक्ति पाउने र धेरैलाई प्रभुमा डोऱ्याउने अवसरको रुपमा लिँदै आफैलाई अर्पण गर्नु उपयुक्त हुन्छ । नेइमको कार्यकारिणीले दहन गर्ने वा जलाउने मृत्यु संस्कारलाई स्वीकारेको छ यसबाट अन्य स-साना मण्डलीहरूमा पनि सु-समाचारमा वाधा नपरोस भन्ने चिन्तनका साथ यो वर्षको गुड फ्राइडे, इष्टर सन्डेको शुभकामना प्रदान गर्दै हामी निडरताका साथ प्रभुको शुभखबर सबैमा पुऱ्याउन सकौं !!!

## विशेष प्रार्थना

१. देशको उच्च ओहोदामा रहेका सरकार प्रमुखहरू, राजनैतिक पार्टीहरूलाई देश चलाउनको निम्ति ज्ञान, बुद्धि, एकता र मेल मिलाप मागिदिऔं ।

३. मण्डलीको विश्वासीहरूले परमेश्वरको प्रेम र ख्रीष्ट येशू प्रभुमा पाइने सित्तैंको मुक्तिको सुसन्देश ठीक प्रकारले प्रचार गर्न सकून् जसको फलस्वरूप ख्रीष्ट येशू प्रभुमा विश्वास गर्नेहरू मूल्य चुकाउनेहरू पनि हुन सकून् ।

४. मण्डलीलाई परमेश्वरको इच्छाअनुसार पवित्र आत्माको सहायतामा शिक्षा दिन, हुर्काउन, डोऱ्याउन, आत्मिकी रूपमा वृद्धि गर्न र व्यवस्थित गर्दै लैजानको लागि नेइमअन्तर्गतका सम्पूर्ण अगुवाहरूको लागि प्रार्थना गरिदिऔं ।

६. मिशनेरी भएर जानुभएकाहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरुको नामावली

| मिति | डाँछी | जहरसिंह पौवा | गाम्चा | सुन्दरीजल | साँखु | चाँगु | सापटार | गोंगबूँ | बानियाटार | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| चैत्र २५ April 8 | पाष्टर प्रेम श्रेष्ठ | एल्डर लाक्पा लामा | एल्डर जमान घ्लान | एल्डर सागर थापा | एल्डर गोपी राई | डीकन उमेश मगर | डीकन अमृत लामा | श्री चन्द्र तामाङ्ग | डीकन प्रशान्त सिंह | डीकन मत्ती सिराल | श्री चन्द्र मोक्तान |
| वैशाख २ April 15 | एल्डर सागर थापा | एल्डर पवन सुनुवार | डीकनेस राममाया नगरकोटी | एल्डर गोपी राई | एल्डर कृष्ण तामाङ्ग | एल्डर राज गुरूङ्ग | श्री चित्र खड्का | पाष्टर बर्णबास श्रेष्ठ | श्री प्रेम गुरूङ्ग | एल्डर छोदेन कार्थक | डीकन डी.बी. राई |
| वैशाख ९ April 22 | श्री लेखनाथ पौडेल | एल्डर पेशल राई | एल्डर राज गुरूङ्ग | श्री प्रेम गुरूङ्ग | डीकनेस् उषा गौतम | डीकन उमेश मगर | श्रीमती देवकी लामा | एल्डर पिटर लिम्बू | पाष्टर कर्ण तामाङ्ग | एल्डर राजु श्रेष्ठ | एल्डर बी.एन पण्डित |
| वैशाख १६ April 29 | एल्डर लाक्पा लामा | डीकन सलोमी दों | एल्डर अष्ट श्रेष्ठ | एल्डर कृष्ण तामाङ्ग | डीकन कृष्ण श्रेष्ठ | डीकन उमेश मगर | डीकन अमृत लामा | एल्डर बेन्जामिन तामाङ्ग | श्री कुमार सेन्चुरी | श्री अनिल आले | डीकन बल ब. राई |
| वैशाख २३ May 6 | एल्डर पेशल राई | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर गोपी राई | एल्डर सागर थापा | एल्डर राज गुरूङ्ग | संयुक्त सेवा गाम्चा चर्च | पाष्टर बर्णबास श्रेष्ठ | एल्डर बेन्जामिन तामाङ्ग | एल्डर छोदेन कार्थक | एल्डर जोरविर राई |

## हार्दिक बधाई



फागुन ३ गते/फरवरी १५ तारिख, बुधबार नेइम धापासी चर्चका सदस्य श्री विनोद गुरूङ्ग र इम्मानुएल चर्च, भंगालको सदस्य सुश्री संगीता गुरूङ्गको इम्मानुएल चर्च, भंगालमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



फागुन २२ गते/मार्च ६ तारिख, सोमबार नेइम ललितपुर चर्चका सदस्य श्री असिम राई र इभान्जेलिकल होली मिशन चर्च, धादिङ्गको सदस्य सुश्री सोबिता तामाङ्गको इभान्लेजिकल होली मिशन चर्च, धादिङ्गमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



फागुन १८ गते/मार्च २ तारिख, बिहीबार नेइम भैंसेपाटी चर्चका सदस्य श्री पुस्कर बस्नेत र बेथानी अनुग्रह बागडोलको सदस्य सुश्री अजिता थकालीको नेइम ललितपुरमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

### अप्रिल महिनाको कार्यक्रम

चैत्र २४ गते/अप्रिल ७ तारिख शुक्रबार गुड फ्राइडे सेवा समयः बेलुकी ५:३० बजे, आ-आफ्नो मण्डलीमा ।

चैत्र २६ गते/अप्रिल ९ तारिख आइतबार इस्टर (सूर्योदय) सेवा समयः बिहान ६:०० बजे, आ-आफ्नो मण्डलीमा ।

वैशाख १ गते/अप्रिल १४ तारिख शुक्रबार उपवास प्रार्थना समयः बिहान १०:०० बजे, आ-आफ्नो मण्डलीमा ।

## हार्दिक शुभ कामना

सारा संसारका मानव जातिको उद्धारको निम्ति ख्रीष्ट येशू प्रभु क्रूशमा बलि हुनुभई तेस्रो दिनमा पुनरुत्थान हुनुभएको (Easter) साथै नव वर्ष २०८० सालको सुखद अवसरमा देशभित्र र देशबाहिर हुनुभएका सम्पूर्ण मण्डली परिवारलाई हार्दिक शुभकामन व्यक्त गर्दछौं ।

## जानकारी



गुरुजुधारा बस्नुहुने नेइम भैंसेपाटी चर्चको सदस्य श्रीमती रेबिका राई ६८ वर्षको उमेरमा फागुन १५ गते/फरवरी २७ तारिख सोमबार प्रभुमा सुत्नुभयो ।



ललितपुर बस्नुहुने नेइम ललितपुर चर्चको सदस्य श्री जानुका खड्का ५४ वर्षको उमेरमा फागुन १९ गते/मार्च ३ तारिख शुक्रबार प्रभुमा सुत्नुभयो ।

साँखु बस्नुहुने नेइम जोरपाटी साँखु चर्चको सदस्य श्रीमती अष्टमाया कपाली ८१ वर्षको उमेरमा फागुन १६ गते/फरवरी २८ तारिख मंगलबार प्रभुमा सुत्नुभयो ।



बेथानी आश्रममा बस्नुहुने नेइम ज्ञानेश्वर चर्चको सदस्य मिठु देवी (कान्छी मरियम) सापकोटा ८६ वर्षको उमेरमा फागुन २८ गते/मार्च १२ तारिख आइतबार प्रभुमा सुत्नुभयो ।

| | | | | | |
|---|---|---|---|---|---|
| **आइतबार**<br>Sunday | १९ 2<br>देशका सबै मण्डलीका पाष्टर तथा अगुवाहरूको लागि पवित्र आत्माको अगुवाइ, बल, साहस मागिदिऔं ।<br>२ तिमोथी ३:१६, ४:१-५ | २६ 9<br>नेपाल देशका मानिसहरूले प्रभु येशू ख्रीष्टलाई सत्य र जीवित परमेश्वर हुनुहुन्छ भनेर जान्न र विश्वास गर्न सकून् ।<br>रोमी ४:२५ | ३ 16<br>विभिन्न माध्यमहरूद्वारा प्रचारिने सुसमाचारद्वारा संसारभर धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् ।<br>रोमी १०:९-१७ | १० 23<br>शाखा/आवद्ध मण्डलीहरूका अगुवाहरूले परमेश्वरको बगाल मण्डलीलाई विश्वास-योग्यताका साथ पवित्र आत्माको सहायतामा सधैं हेरचाह गर्न सकून् ।<br>प्रेरित १३:१-१२ | १७ 30<br>मण्डलीका सबै सेवक-सेविकाहरू आफ्ना सेवकाइको क्षेत्रमा समर्पित र उदाहरण भएर मण्डलीको हेरचाह गर्न सकून् ।<br>प्रेरित २०:२८-३२ |
| **सोमबार**<br>Monday | २० 3<br>सेवा संगतिहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन र पवित्र आत्माको अगुवाइ साथै मण्डलीले वचन ग्रहण गरी पालन गर्नको लागि प्रार्थना गरौं ।<br>भजनसंग्रह ३७:१-११, | २७ 10<br>सबै विश्वासीहरू परमेश्वरको प्रेम, अनुग्रह, दया, कृपाप्रति सधैं धन्यवादी भई परमेश्वरको महिमाको निम्ति जिउन सकून् ।<br>भजनसंग्रह १०३:१-१३ | ४ 17<br>हामी सबै ख्रीष्ट प्रभुलाई जीवनको अन्तिम घडीसम्मै प्रेम गरिरहन र उहाँको भएर जिउनको लागि अनुग्रह मागौं ।<br>२ तिमोथी ४:१-८ | ११ 24<br>येशू प्रभुलाई विश्वास गरेकाहरू साँचो अर्थमा पूर्ण रूपमा परिवर्तित जीवनमा परमेश्वरलाई पछ्याउनेहरू हुन सकून् ।<br>एफिसी ५:१-१३ | १८ May 1<br>परमेश्वरको प्रेम चाखेर फेरि संसारमा फर्केर गएकाहरू साथै विभिन्न कारणले सेवा संगतिहरूमा आउन छोडेकाहरू परमेश्वरको प्रेम सम्झेर फर्कि आउन सकून् ।<br>मीका ७:१८-१९ |
| **मंगलबार**<br>Tuesday | २१ 4<br>मण्डलीका सबै विश्वासीहरू सधैं प्रार्थनामा जागा रहनेहरू हुन सकून् ।<br>मर्कूस १४:३२-४१ | २८ 11<br>मण्डलीका सबै विश्वासीहरू सबै परिस्थितिहरूमा स्थिर र अटल रहन पवित्र आत्माले नै सहायता गर्नुभएको होस् ।<br>रोमी ८:३७-३९ | ५ 18<br>मण्डली परिवार सधैं एक आपसमा प्रेम, मेलमिलापमा रही असल साक्षीद्वारा परमेश्वरको महिमा गर्न सकौं ।<br>यूहन्ना १३:३४-३५ | १२ 25<br>परमेश्वरका छोराछोरीहरूलाई जुन बोलावटमा बोलाइएको छ त्यसअनुसार जिउन सकून् ।<br>एफिसी ४:१-६ | १९ 2<br>सम्पूर्ण विश्वासीहरूको असल साक्षीद्वारा धेरै मानिसहरू प्रभुमा आउन सकून् ।<br>एफिसी ४:१७-३२ |
| **बुधबार**<br>Wednesday | २२ 5<br>देशलाई अस्वस्थ, कमजोर बनाउने, गरीबीतिर धकेल्ने भ्रष्टाचार, घूसखोरी, चेलीबेटी बेचबिखन, देह व्यापार, लागु पदार्थको अवैध धन्दा अन्धकारका कामको विरुद्धमा प्रार्थना गरौं ।<br>मत्ती १८:१८ | २९ 12<br>अधुरो घर परिवारकाहरू सबै विश्वासमा आउनको लागि पवित्र आत्माले नै उहाँहरूलाई सहायता गरिदिऊन् ।<br>प्रेरित १६:३१-३२ | ६ 19<br>मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाइको लागि जानुभएका-हरूको सेवकाइ, परिवार, संगति, मण्डलीको लागि प्रार्थना गरिदिऔं ।<br>यूहन्ना २०:२१-२३ | १३ 26<br>प्रभु येशूमा भएकाहरू जीवनको सबै परिस्थितिहरूमा सधैं धन्यवादी भई जिउनको लागि अनुग्रह मागिदिऔं ।<br>१ कोरिन्थी १५:५८ | २० 3<br>झूठा शिक्षा र शिक्षकको भर्माउने कुराबाट होशियारी रहन मण्डलीका सबै सदस्यहरूलाई पवित्र आत्मा परमेश्वरले नै सहायतो गरून् ।<br>मत्ती २४:४, २४-२५ |
| **बिहीबार**<br>Thursday | २३ 6<br>प्रभुको नाउँको खातिर दुःख, कष्ट, सतावट, खेदो, निन्दा सहिरहनुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>२ कोरिन्थी १२:८-१० | ३० 13<br>खेदो सतावटको कारण मण्डली अझै बलियो हुँदै र परमेश्वरको राज्य अझ बढेर जानेछ भनी सबै विश्वासीहरू आँटिलो, साहसिलो हुन सकून ।<br>प्रेरित ८:१-८, ११:१९-२१ | ७ 20<br>परमेश्वरप्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाइबाट दशांश साथै प्रभुको कामको निम्ति दिने काममा सधैं इमानदार भइरहन सकौं ।<br>२ कोरिन्थी ८:१-७ | १४ 27<br>विवाह बन्धनमा बाँधिएका सबै दम्पत्तिहरू आशिषित् भएर जिउनका लागि प्रार्थना गरिदिऔं ।<br>एफिसी ५:२२-३३ | २१ 4<br>मण्डलीका परिवार परिवारमा पारिवारिक वेदी सेलाएर नगएको होस् ।<br>यहोशू २२:१९ |
| **शुक्रबार**<br>Friday | २४ 7<br>ख्रीष्टको क्रूसको मृत्यु सारा मानव जातिको पाप क्षमाको हो भन्ने सत्यता संसारले जानी बुझी विश्वास गर्न सकून् ।<br>यूहन्ना १:२९, रोमी १०:९-१३ | वैशाख १ 14<br>परमेश्वरमा निको हुने आशाले आउनुभएका रोगी-बिरामी, भूतात्मा लागेका र अन्य बन्धनमा परेकाहरूको जीवनमा चंगाई, छुट्कारा र स्वतन्त्रता आएको होस् ।<br>भजनसंग्रह २२:४-५ | ८ 21<br>विदेशमा रोजगार र अध्ययनको सिलसिलामा जानुभएका नेपाली दाजुभाइ, दिदी बहिनीहरूले कुनै न कुनै माध्यमद्वारा प्रभु येशूलाई पाउन सकून् ।<br>१ तिमोथी २:१-६ | १५ 28<br>मण्डलीका विश्वासीहरू वचन सुन्ने मात्र होइन तर वचन पालन गर्नेहरू हुन सकून् ।<br>भजनसंग्रह १९:७-११ | २२ 5<br>परमेश्वरको वचनको भोक, तृष्णा हामी सबैमा जागेको होस् जसको फलस्वरूप वचनमा आधारित जीवनमा हामी जिउन सकौं ।<br>मत्ती ५:६, कलस्सी ३:६-७ |
| **शनिबार**<br>Saturday | २५ 8<br>आराधना सेवामा सेवा सञ्चालन, वचन प्रचार र स्तुति प्रशंसा गर्नुहुनेहरूको लागि प्रार्थना गरिदिऔं ।<br>१ कोरिन्थी १४:२६, १ पत्रुस ४:११ | २ 15<br>शनिबारको आराधना सेवा साथै अन्य सेवा संगतिहरूद्वारा मण्डली अझै प्रभुमा बढ्दै जान सकून् ।<br>फिलिप्पी ३:१२-१६ | ९ 22<br>सारा विश्वव्यापी मण्डलीहरू संख्यात्मक वृद्धि मात्र होइन तर आत्मिक जागृतिको साथै पवित्रतामा निरन्तर बढ्दै जान सकून् ।<br>२ कोरिन्थी ३:१६-१८ | १६ 29<br>बाल संगतिका बालबालिका-हरू र शिक्षक/ शिक्षिकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>मर्कूस १०:१३-१६ | २३ 6<br>मण्डलीको आराधना सेवा, प्रार्थना सभा, घरेलु संगति, साथै अन्य सेवा संगतिहरूमा यथाशक्य मण्डलीले भाग लिन सकून् ।<br>भजनसंग्रह २६:२-८, २७:४ |

**तर स्वर्गदूतले ती स्त्रीहरूलाई भने, "तिमीहरू नडराओ, किनभने मलाई थाहा छ, तिमीहरू क्रूसमा टाँगिनुभएको येशूलाई खोज्दैछौ । उहाँ यहाँ हुनुहुन्न, किनकि उहाँले भन्नुभएबमोजिम उहाँ जीवित भई उठ्नुभएको छ । आओ, उहाँलाई राखिएको ठाउँ हेर ।**

**मत्ती २८:५-६**


प्रकाशकः नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नंः ४५१४४८९/४५१२१७२, फ्याक्स नं. ४४११०१४ Email:info@nim.org.np,